# संघीय संसद
# प्रतिनिधि सभा

छैटौं अधिवेशन

बैठक संख्या - २६

सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल असार १७ गते बुधबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रतिनिधि सभाका वर्तमान सदस्य ज्ञानकुमारी छन्त्यालको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक तर्फबाट निर्वाचित वर्तमान सदस्य र २०७० सालको संविधान सभा निर्वाचनमा बाग्लुङ्ग जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित सदस्य, सामाजिक एवं ग्रामीण विकासका कार्यमा सक्रिय, प्रजातान्त्रिक र लोकतान्त्रिक आन्दोलनका अथक योद्धा ज्ञानकुमारी छन्त्यालको ६३ वर्षको उमेरमा मिति २०७७ साल असार १७ गते बुधबार बाँसबारीस्थित शहिद गंगालाल हृदय रोग केन्द्रमा उपचारको क्रममा निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तदुपरान्त सभाले स्वर्गीय ज्ञानकुमारी छन्त्यालको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर बैठक २०७७ साल असार २२ गते सोमबार दिनको १:०० बजे बस्नेगरी दिनको १:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव